कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र सं २०८१-०८२
च नं

## कृषि उपज लिलाम बिक्री सम्बन्धी वोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/११/४

यस नगरपालिकाले बाँझो जमिनमा सामुहिक खेती गरी रोजगारी सिर्जना गर्ने योजना मार्फत् उत्पादन भएको तपशिल वमोजिमको, काटी ठटाई केलाएर भण्डारण गरेको अवस्थामा रहेको कृषि उपज (कोदो), लिखित सिलबन्दी प्रस्ताब मार्फत् लिलाम बढाबढको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यस लिलाम बिक्रिको लागि सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र ( मिति २०८१/११/१० गते दिनको ५ बजे भित्र) प्रस्ताव सम्बन्धी तोकिएको ढाँचाको निवेदन कागजात सहित कायम भएको न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने ने.रु ३२००/- (तिन हजार दुइ सय रुपैंया) धरौटी दाखिला गरि कुश्मा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन यो लिलाम बढाबढ सम्बन्धी प्रस्ताव आव्हान गरिएको छ। अतिरिक्त अन्य कुरा बुझ्नु परेमा कार्यालयमा र मालसामान हेर्न चाहेमा कुश्मा नगरपालिकाको वडा नं १४ मा सम्पर्क राख्न अनुरोध छ।

तपशिल

| क्र.सं | लिलाम विक्री हुने मालसामान | परिमाण | न्यूनतम मुल्य (प्रति पाथी) |
|---|---|---|---|
| १ | काटी, ठटाइ गरि भण्डारण गरीएको कोदो | ३२०पाथी/१६ मुरी (स्थानीय नाप अनुसार) | ने.रु २००/- |
| | जम्मा कायम न्यूनतम मुल्य | | ने.रु ६४,०००/- |

१. लिलाम बढाबढ हुने प्रकृया लिखित सिलवन्दी प्रस्ताव पेश गर्ने विधि बमोजिम हुनेछ।

२. लिलाम सकार गर्न प्रस्ताव पेश गर्नेबेलामा पेश गर्ने न्यूनतम मुल्य को पाँच प्रतिशतले हुने रकम धरौटी दाखिला गरि सँगै पेश गर्नु पर्नेछ।

३. लिलाम सकार भएको मितिले ५ दिनभित्र कवोल रकम दाखिला गरी लिलाम कवोल गरेको मालसामान उठाई लैजानु पर्नेछ।

४. लिलाम बढाबढको प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा हुनेछ।

५. लिलाम बढाबढको प्रस्ताव पेश गर्ने निवेदनको ढाँचा तोकिएवमोजिम हुनेछ।

२०८१/११/०४

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत